# मोहन्याल गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालय

खिमडी

सुदुरपश्चिम प्रदेश, नेपाल

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**मोहन्याल गाउँपालिका कृषि विकास सेवा कार्यक्रम संचालन कार्यविधी २०७९**

स्वीकृत मिति : २०७९/११/२८

प्रमाणिकरण मिति: २०७९/११/२८

प्रमाणित गर्नेको दस्तखत

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

**मोहन्याल गाउँपालिका कृषि विकास सेवा कार्यक्रम संचालन कार्यविधी २०७९**

मोहन्याल गाउँपालिका
कृषि विकास शाखा
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**कार्यपालिकावाट स्वीकृत मिति : २०७९/११/२८**

**प्रस्तावना**

मोहन्याल गाउँपालिकावाट कृषि विकास तर्फ विभिन्न किसिमका अनुदान उपलब्ध गराउने, कार्यक्रम, तालिम संचालन गर्न तथा कृषि क्षेत्रको समग्र गुणस्तर सुधार गर्न र निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक बनाई कृषकहरुको आयस्तर सुधार गरि आत्मनिर्भर बनाउन वाच्छनिय भएकोले नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरि मोहन्याल गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

प्रमाणित

जम्मा पृष्ठ संख्या २२

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद १ :

प्रारम्भिक

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७९ रहेको छ ।

ख) यो कार्यविधि मोहन्याल गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ

ग) आ.व. २०७९/०८० मा संचालन भएका कार्यक्रमहरु यसै कार्यविधि बमोजिम नै भएको मानिने छ ।

**२. परिभाषा, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि**

क) "**विभाग**" भन्नाले कृषि विभाग सम्झनु पर्छ ।

ख) "**मन्त्रालय**" भन्नाले विषय वा प्रसंग अनुसार कृषि भूमि व्यवस्थापन तथा गरिवी निवारण अथवा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

ग) "**कार्यालय**" भन्नाले गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

घ) " **समुह** " भन्नाले ९ वा सो भन्दा बढि कृषकहरु संगठित भई साविक जिल्ला कृषि विकास कार्यालय वा गाउपालिका कृषि विकास शाखामा दर्ता भएको समुहलाई सम्झनु पर्छ ।

ङ) "**निजि फार्म**" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फार्म सम्झनु पर्छ ।

च) "**शाखा**" भन्नाले गाउपालिका कृषि विकास शाखा सम्झनु पर्छ ।

**३. दृष्टिकोण**

निर्वाहमुखि कृषि प्रणालीलाई व्यवशायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरि दिगो कृषि विकासको माध्यमबाट जिवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दिर्घकालिन दृष्टिकोण रहने छ ।

**४. उदेश्यहरु :**

व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरि खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्ने :

क) कृषि उत्पादन एवं उत्पादकत्व बढाउने ।

ख) व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरि आन्तरिक तथा बाह्य बजारसंग प्रतिस्पर्धात्मक बनाउने ।

ग) प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्धन एवं सदुपयोग गर्ने ।

घ) पशुपालन व्यवसायको उद्यमशिलता प्रवर्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुयाउन सहयोग स्वरूप प्रदान अनुदानलाई व्यवस्थित गर्ने ।

ङ) पशुपालन व्यवसाय अन्तरगत थप रोजगारीका अवसरहरु सिर्जना गरि आयमा वृद्धिका साथै जीवनस्तरमा सुधार गर्ने ।

च) पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तरमा सुधार गर्ने र उत्पादन लागतमा न्यूनीकरण गर्ने

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## परिच्छेद ३

## कृषि विकास प्रसार कार्यक्रम संचालन कार्यविधि

### २.१ 'क' कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

| क्र.सं. | कृयाकलाप | लागत रु. मा | कैफियत |
|---|---|---|---|
| १ | समूह गठन<br>क सहभागी लाई खाजा प्रति सहभागी १५०<br>ख. समूहलाई स्टेशनरी रजिस्टर सेतो कागज फाइल, स्कैल, क्यालकुलेटर, पन्चिङ मेसिन कापि कलम आदि | ५००० | बजेट सिमा भित्र रहि खर्च गर्नु पर्ने । |

### २.२ 'क' अनुदान सहकार्य कार्यक्रम सन्चालन कार्यविधि

क) वजेट सिमा भित्र रहि शाखाले अनुदान सहकार्यका कार्यक्रमहरु तयार गर्नेछ ।

ख) कार्यक्रमका प्रकृति हरि शाखाले प्रस्तावना आव्हान गर्नेछ ।

ग) पेश गरिएका प्रस्तावहरुको प्राविधिक सम्भाव्यता औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणिकरण (Field Verification ) शाखाले गर्नेछ ।

घ) स्थलगत माग अथवा स्थलगत अध्ययन वा स्थलगत प्रमाणिकरण (Field Verification) का आधारमा शाखाले प्रस्तावना छनौट गर्नेछ लागि कार्यपालीका बैठकमा सिफारिस गरि पेश गर्नेछ ।

ङ) यसरि पेशहुन आएको प्रस्तावनालाई कार्यपालिका बैठकले औचित्यपूर्ण ठानेमा छनौट वा अनुमोदन गर्नेछ । अन्यथा कार्यपालीका आफैले प्राविधिक सलग्न गराई पुनः स्थलगत प्रमाणिकरण (Field Verification ) गरि प्रस्तावना छनौट गर्नेछ ।

च) रु.५०००० (पचास हजार भन्दा तलको अनुदान रकम भएको प्रस्तावनाको छनौट प्राविधिक सम्भाव्यता औचित्यता तथा अन्य पक्षको आधारमा स्थलगत प्रमाणिकरण (Field Verification ) गरि शाखाले गर्नेछ ।

छ) रु.५०००० (पचास हजार भन्दा तलको अनुदान रकम भएको प्रस्तावनाको छनौटका लागि प्राविधिक स्टीमेट अनिवार्य नहुने ।

(ज) कृषि विकासका कार्यक्रमहरु संचालन गर्दा कृषक समूहबाट माग प्रस्ताव आव्हान गरि प्राप्त प्रस्तावहरु मध्ये बाट छनौट भएका कार्यक्रमहरु शाखाबाट सोझै वा कार्यालयबाट प्रमाणित गराई संचालन गरिने छ ।

झ) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यवसायिक उत्पादन केन्द्र पकेट छनौट गरि कार्यक्रम संचालन गर्न कार्यपालीकाको बैठकबाट निर्णय गराई गाउँपालिका र पकेट संचालक समिति विच सम्झौता भई संचालन गरिने छ ।

ञ) अनुदान सहकार्य सम्बन्धी अन्य व्यवस्था अनुदानग्राहीसंगको सम्झौता मुताविक हुनेछ ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

२.३ सचेतना अभिबुद्धि /तालिम गोष्ठी / कार्यक्रम

क. वडा स्तरीय घुम्ती तालिम

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि शाखाले वडा स्तरीय १-२ दिने स्थलगत तालिम सन्चालन गर्नेछ ।
- वडा भित्रका व्यवसायिक कृषक समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- तालिममा ४ वटा कक्षा हुने छन ।
- कृषकहरुलाई यस तालिममा कृषि व्यवसाय संग सम्बन्धित आधारभुत विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागी छनौटको जिम्मेवारी जनप्रतिनिधि तथा शाखाको हुनेछ ।

ख. गाउँपालिका स्तरीय तालिम तालिम

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि शाखाले गाउँपालिका स्तरीय अधिकतम ३ - ५ दिने तालिम सन्चालन गर्नेछ ।
- गाउपालिका भित्रका व्यवसायिक कृषक समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन । तलिममा प्रति दिन ४ वटा कक्षा हुने छन ।
- कृषकहरुलाई यस तालिममा कृषि व्यवसाय संग सम्बन्धि निर्धारित विभिन्न विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागी छनौटको जिम्मेवारी जनप्रतिनिधि तथा शाखाको हुनेछ ।
- तालिममा आवश्यकता र औचित्यका आधारमा विषयविज्ञबाट प्रशिक्षण गराउन सकिने छ ।
- बाह्य प्रशिक्षकलाई सेवाका शर्तसहितको सम्झौता गराई प्रशिक्षण गराउन सकिने छ ।
- तालिम सन्चालन अवधिमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत लगायतका जनप्रतिनिधि तथा कर्मचारीबाट एकल वा सामुहिक रुपमा तालिमको अनुगमन / निरिक्षण गराउन सकिनेछ ।
- यसरी तालिमको अनुगमन / निरिक्षण प्रतिवेदन एकल अनुगमन निरिक्षण भए एकल रुपमा तथा सामुहिक अनुगमन / निरिक्षण भए टोली नेताले प्रतिवेदन प्रस्तुत गर्ने

**तालिम प्रतिवेदनको ढाँचा**

**तालिमको नाम:**

**तालिमको स्तर:**

**तालिम संचालन अवधि :**

**तालिम संयोजकको नाम :**

**सहभागी संख्या :** **महिला :** **पुरुष :**

**दलित :** **जनजाति:**

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं | मिति | अनुगमन गरेको कक्षा | समय | प्रशिक्षकको नाम | तालिम सामाग्री | प्रशिक्षार्थीको सहभागिता | सारांश | अनुगमनकर्ताको मूल्यांकन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

क. राम्रो

ख मध्यम

ग. सामान्य

अनुगमन टोली प्रमुखको

नाम :

दस्तखत :

पद :

मिति :

ग. कर्मचारी स्तर तालिम

- स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि कार्यालयले शाखामा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था गर्नेछ ।
- कृषि तालिम केन्द्र तथा प्रादेशिक तालिम केन्द्र जस्ता सरकारी निकायले आयोजना गर्ने तालिममा शाखामा कार्यरत कर्मचारी सहभागी हुन सक्ने छन ।
- कार्यालयले १ (एक) देखि ३० ( तीस कार्यदिन सम्मको तालिमको व्यवस्था गर्नेछ ।
- तालिम लिए पश्चात तालिम प्राप्त गरेको प्रमाण अर्थात सिफारिसको प्रतिलिपि कार्यालयमा पेश गर्नु पर्नेछ ।

घ. गोष्ठी / सेमिनार

- शाखाले स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि आफ्ना कार्यक्रमसँग सम्बन्धित विषयमा गोष्ठी सेमिनारको आयोजना गर्नेछ ।
- गोष्ठी / सेमिनार विषयवस्तु हेरि एक दिन वा सो भन्दा बढि अवधिका हुने छन ।
- गोष्ठी सेमिनारमा विषयवस्तुको गम्भिर्यता हेरि कार्यपत्र प्रस्तुति तथा सहजिकरण का लागि विषयविशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

राज बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

## ङ तालिम गोष्ठी सेमिनार संचालनको आर्थिक कार्यविधि

### स्थलगतघुम्ती तालिम

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता / यातायात | ५०० | प्रति व्यक्ति दुरि अनुसार |
| २ | मसलन्द<br>क. सहभागीका लागि<br>ख. व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>१००<br>२००० | प्रति व्यक्ति डायरी कलम, माईक्लियर व्याग आदि व्यानर, बोर्ड मारकर प्रोजेक्टर मेटाकार्ड, न्यूजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन ) | २०० | संयोजक श्रोत व्यक्ति प्रतिवेदक र सहयोगी कर्मचारी तथा सशभागी लाई समेत |
| ४ | प्रशिक्षक भत्ता (प्रति कक्षा)<br>क. कक्षा संचालन वापत – अधिकृतस्तर<br>क. कक्षा संचालन वापत – सहायक स्तर<br>ख. कार्यपत्र (Handout) वापत | <br>१६००<br>१२००<br>५०० | कार्यपत्र (Handout) र प्रशिक्षण वापत एक मृष्ठ लिने भए अधिकतम रु २००० मा नबढ्ने गरि पाउने |
| ५ | वस्तु गत टेवा | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बालीका बीउहरु, विपादि मौरीको घार, औजार उपकरण आदि सम्झनु पर्छ । |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

### गाउँपालिका स्तरीय कृषक तालिम (सीप विकास / क्षमता अभिवृद्धि तालिम )

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता / यातायात | १००० | प्रति व्यक्ति प्रति दिन कार्यक्रम र वजेट हेरि अधिकतम दुरि अनुसार |
| २ | मसलन्द<br>क. सहभागीका लागि<br>ख. व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>१००<br>२००० | प्रति व्यक्ति डायरी कलम, माइक्लियर व्याग आदि ब्यानर, बोर्ड मारकर प्रोजेक्टर मेटाकार्ड न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन । | २०० | संयोजक श्रोत व्यक्ति प्रतिवेदक र सहयोगी कर्मचारी लाई समेत |
| ४ | खाना प्रति व्यक्ति प्रति छाक | २५० | स्वीकृत बजेटको सीमा भित्र रहि |
| | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क. कक्षा संचालन बापत – अधिकृतस्तर<br>क. कक्षा संचालन बापत – सहायक स्तर<br>ख. कार्यपत्र (Handout ) | <br>१६००<br>१२००<br>५०० | कार्यपत्र (Handout) र प्रशिक्षण वापत एक मृष्ठ लिने भए अधिकतम रु १५०० मा नबढ्ने गरि पाउने |
| ५ | क संयोजक भत्ता<br>ख. सहयोगी भत्ता<br>ग प्रतिवेदक पारिश्रमिक | १५००<br>२००<br>५०० | प्रतिवेदक र तालिम संयोजक एकै व्यक्ति भए कुनै एकको मात्र पारिश्रमिक पाउने तथा प्रदिवेदकको पारिश्रमिक एक कार्यक्रममा रु ३००० भन्दा बढ्न नहुने । |



... बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६ | वस्तुगत टेवा | | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु वालीका वीउहरु, विषादि मौरीको घार, औजार उपकरण आदि सम्झनु पर्छ । |
| ७ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

गाउँपालिका स्तरीय गोष्ठी, सेमिनार, कार्यशाला

| क.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता / यातायात | १००० | प्रति व्यक्ति प्रति दिन कार्यक्रम र बजेट हेरि अधिकतम दुरि अनुसार |
| २ | मसलन्द<br>क. सहभागीका लागि<br>ख व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | <br>१००<br>२००० | प्रति व्यक्ति डायरी कलम, माइक्लियर व्याग आदि बोर्ड मारकर प्रोजेक्टर मेटाकार्ड न्युजप्रीन्ट पेपर मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन । | २०० | संयोजक श्रोत व्यक्ति प्रतिवेदक र सहयोगी कर्मचारी लाई समेत |
| ४ | खानाप्रति व्यक्ति प्रति छाक । | २५० | स्वीकृत बजेटको सीमा भित्र रहि |
| ५ | प्रशिक्षक भत्ता ( प्रति कक्षा )<br>क. कक्षा संचालन बापत — अधिकृतस्तर / सहायक स्तर<br>ख. टिप्पणी | १६००<br>१२००<br>७०० | कार्यपत्र (Handout) र प्रशिक्षण वापत एक मुष्ठ लिने भए अधिकतम रु १५०० मा नबढ्ने गरि पाउने |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

**२.६) अन्तर जिल्ला कृषक भ्रमण कार्यक्रम :**

उद्देश्य : कृषकहरुलाइ उन्नत प्रविधि देखाएर त्यसबाट प्रभावित भइ नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुर्याउनु ।

कार्यविधि

- भ्रमणको लागि केहि पढेका सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नु पर्दछ ।
- भ्रमण कार्यक्रम अवलोकन स्थल, बस्ने स्थान आदि अग्रिम तयार गरि भ्रमण प्रारम्भ गर्नु पर्छ ।
- भ्रमणको शुरुमा परिचयात्मक कार्यक्रम राखि भ्रमणवारे स्पष्ट पार्नु पर्छ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिने र अन्त्यमा समिक्षा गर्नुपर्छ । भ्रमण अवधि ३-५ दिन र सहभागी संख्या २५ - ३५ जना ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक पक्ष**

**जिल्ला स्तर कृषक भ्रमण**

| सि. नं. | नर्म्सको विवरण | इकाइ | नर्म्स |
|---|---|---|---|
| १ | अवधि (कृषक आफ्नो गाउंपालिका बाट भ्रमण शुरु गर्न र फर्कन बाटोको म्याद वाहेक) | दिन | ३ -५ |
| २ | सहभागी कृषक | जवान | २५ - ३५ |
| ३ | गाडि रिजर्भेसन भाडा तथा व्यवस्थापन | रु./ दिन | २५००० |
| ४ | चियापान | रु. प्र. दिन प्र. व्यक्ति | १५० |
| ५ | सहभागी खाना तथा बास खर्च | रु. प्रदिन प्रति व्यक्ति | १२०० |
| ६ | शैक्षिक सामाग्री | रु. एकमुष्ट | ३००० |
| ७ | सहभागीलाई दै भत्ता | रु. प्रदिन प्रति व्यक्ति | १००० |
| ८ | सहजकर्ता (वढिमा ५ जना सम्म | रु. प्रदिन प्रति व्यक्ति | १५०० |

**२.७) मूल कृषक समूह बैठक :**

**कार्यविधिः**

- कृषक समूहको प्रतिनिधित्व हुनेगरि मूल कृषक समूह समितिको बैठक बस्ने छ ।
- कृषि तथा पशु सेवा शाखाका प्राविधिकहरुले बैठकमा सहजिकरण गर्नु पर्नेछ ।
- वढिमा ३० जना सहभागीहरुलाई बैठक भत्ता उपलब्ध गराईने छ ।
- बैठक भत्ताको लागि सम्बन्धि शाखा प्रमुखको सिफारिस अनिवार्य छ ।

**आर्थिक पक्ष**

मल कृषक समूह समिति बैठक :

सहभागी संख्या बढिमा ३० जना ।

अधिकतम बैठक संख्याः मासिक १ पटक

प्रति व्यक्ति चियापान खर्चः रु. १५०

प्रति व्यक्ति बैठक भत्ताः प्रति दिन रु ५००

सहजिकरण भत्ताः प्रति दिन रु १२००) (२ जना सम्म)

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## परिच्छेद ३

## बाली विकास कार्यक्रम

**(३.१) प्रदर्शन कार्यक्रम :**

**उद्देश्य :** प्रदर्शित प्रविधि स्थानिय हावा पानी सुहाउदो छ भन्ने कुरा देखाउदै नयाँ प्रविधिको उपयुक्तता शिद्ध गर्नु

**कार्यविधि :**

सकभर सजिलै संग निरिक्षण गराउन सकिने हिसावमा सडकको छेउ छाउमा प्रदर्शनको लागि जग्गाको छनौट गर्नु पर्दछ ।

गाई बस्तुले नोक्सान पर्याउने हुनु हुदैन ।

नतिजा प्रदर्शन कार्यक्रम जातिय प्रदर्शन तरिका पदर्शन मलखाद प्रदर्शनको रुपमा गराई कृषकहरुलाई अवलोकन गराउनु पदर्छ ।

प्रदर्शन प्लटमा प्रदर्शनको किसिम, कृपकको नाम, बाली र जात क्षेत्रफल मलखादको मात्रा आरम्भ गरेको मिति आदि उल्लेख गरेको व्यानर राख्नु पर्छ ।

प्रदर्शन प्लटमा कृषकहरु जुटाइ समय समयमा अवलोकन गराउनु पर्छ ।

**आर्थिक पक्षः** प्रदर्शन कार्यक्रम

खाद्यान्न, दाल, तेल बालीहरुमा गरिने जातिय मलखाद बाली संरक्षण तरिका प्रदर्शनका लागि रासायनिक मल बीउ विषादी साइनबोर्ड आदिमा प्रति प्रदर्शन रु १५०० खर्च गर्न सकिने छ ।

-क्षेत्रफल १ रोपनी

**३.२) उन्नत बीउ किट वितरण कार्यक्रम** (खाद्यान्न, तेलहन, दलहन )

**उद्देश्य :** कुनै एक स्थानमा लोकपृय भएको बालीको बीउ त्यस स्थानका आसपासका कृषकहरुलाई जानकारी दिन र बीउ प्रशारण गर्न ।

**कार्यविधि :** कुनै एक स्थानमा लोकपृय भएको स्तरिय बीउ खरिद गरि स साना प्याकेट बनाई बीउको जात, लगाउने समय मल, सिचाई, कटानी गर्ने समय र अनुमानित उत्पादन आदिको विवरण लेखि सोहि प्याकेटमा राखि कृपकहरुलाई जानकारी गराउनु पर्छ ।

कृषकहरुको नाम, ठेगाना लगाएको समय प्रयोग भएको मात्रा, विवरणहरु रेकर्ड गर्नु पर्छ ।

कृषकले मन पराएमा सोहि बीउको क्षेत्र विस्तार हुन्छ ।

आर्थिक पक्ष उन्नत बीउ किट वितरण

कार्यक्रम संचालन गर्न बीउ खरिद रप्याकिङको लागि प्रति किट रु ५०० सम्म खर्च गर्न सकिने छ ।

**३.३) कप कटिङ कार्यक्रमः**

**उद्देश्य :** कुन कुन वाली कति कति उत्पादन भयो भन्ने स्तर / दर निर्धारण गर्न आकडा लिनु ।

**कार्यविधि :**

- आफ्नो गाउँपालिका भित्र विभिन्न बालीहरुको कुल उत्पादन अनुमान गर्नको लागि र उक्त बालीले ढाकेको क्षेत्रफल बाली विशेष विभाजन गरि उत्पादन तथ्यांक लिनु पर्दछ ।
- प्रत्येक उत्पादनको १० वर्ग मिटरको बाली कटानी गर्नु पर्छ । यस्ता ५ वटा कप कटिङ रेण्डोमाइज्ड नमुनाबाट उत्पादन लिनु पर्छ ।
- सिचित असिंचित क्षेत्र उन्नत स्थानिय जातले ढाकेको क्षेत्रबाट कप कटिङ गरि उत्पादन र उत्पादकत्वको तथ्याङ्ग निर्धारण गर्नुपर्छ ।

कृष्ण बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
खिमडी, कैलाली

**आर्थिक पक्ष**

**कप कटिङ्ग :** प्रति कप कटिङ्ग गरेको ज्याला बापत रु. ३०० खर्च गर्न सकिने छ ।

**२.१४) विज वृद्धि कार्यक्रम :**

**उद्देश्य :**

- गाउँपालिकालाई विउ विजनमा आत्म निर्भर बनाउन खाद्यान्न बालीको गुणस्तरीय बीउ सुरक्षित रुपले संचय गर्न कृपक / कृषक समूहलाई अभिप्रेरित गराउने ।
- कृषक / कृषक समूहहरुलाइ खाद्यान्न बालीको विज वृद्धि कार्यक्रम संस्थागत वा व्यवशायिक रुपमा संचालन गर्न प्रोत्साहित गर्ने ।

**कार्यविधि (विज वृद्धि कार्यक्रम )**

- कृषक / कृपक समूहहरुलाइ विज वृद्धि कायक्रममा समावेस गराउन सकिने छ ।
- यो कार्यक्रम एकल वा सामूहिक रुपमा पनि संचालन गरिने छ ।
- यो कार्यक्रममा सलग्न कृषकहरुले बीउ उत्पादन प्रविधि अनुसार प्राविधिकको निगरानीमा बीउ उत्पादन गर्नु पर्दछ ।
- विज वृद्धिबाट उत्पादित बीउ स्वम कृषकले बजार व्यवस्था गर्नु पर्छ ।

**आर्थिक पक्ष**

- मूलबीउ, मलखाद, वाली संरक्षण सामाग्री आदि कार्यको लागि प्रति हेक्टर रु १०,००० सम्म खर्च गर्न सकिने ।

**२.१.५ बृहतर मकै उत्पादन कार्यक्रम :**

**२.१.५.१. मकैको बीउ वितरण : (७५% - १००% मा)**

**उद्देश्य :** प्रमुख खाद्यान्न बालिहरुमा आत्मनिर्भताको लागी सरकारको राष्ट्रिय लक्ष्य हासिल गर्न मध्य पहाडी बृहतर मकै उत्पादन कार्यक्रम लागुगरी उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउनु हो ।

**कार्यविधि :** कृषक कृषक समूह मकै पकेट भित्रका कृषकहरुलाई उन्नत बिउको उपलब्धता सहज तरीको गराउनु र बीउ खरीदको लागी कृषकहरुले बेहोर्ने रकमा कमी ल्याउनु हो ।

**आर्थिक पक्ष**

**मकैको बीउ वितरण: (७५% - १००% मा)**

कृषक, कृषक समुह मकै पकेट भित्रका कृषकहरुलाइ आवस्यक पर्ने बीउमा ७५% अनुदान दिने र ढुवानीमा पुरै अनुदान दिन सकिनेछ ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ४:
## बागवानी विकास कार्यक्रम

**४.१) फलफूल बाली :**

**४.१.१) नमूना फलफूल बगैचा स्थापना :**

फलफूल खेती कृषकको अर्थोपार्जनका लागि एक आकर्षक व्यवशाय भएको र यसको लागि प्राविधिक ज्ञान सिप बढी आवश्यक्ता पर्ने भएकोले प्राथमिकता प्राप्त फलफूल क्षेत्रमा नमूनाको रुपमा बगैचा स्थापना गर्न यो कार्यक्रम संचालन गरिन्छ ।

**उद्देश्य :**

• प्रदर्शन रुपमा नमूना बगैचाहरु स्थापना गरि कृषकलाई पाखो जग्गाहरुमा फलफूल खेती गर्न प्रोत्साहित गराउने

**कार्यविधि :**

- एउटा फलफूल उत्पादन पकेट क्षेत्रमा एउटा नमूना बगैचा स्थापना गर्ने ।
- एउटा वडामा २ वटासम्म नमूना बगैचा स्थापना गर्न सकिने छ ।
- बहुसंख्यक कृपकहरुले हेर्न र सिक्न सक्ने गरि प्रदर्शन स्थल एवं कृषक छनौट गर्नु पर्दछ ।
- कृषकहरुको सकृय सहभागीतामा मात्र नर्म्स उल्लेख भए अनुसार सुविधाहरु उपलब्ध गराउनु पर्ने छ ।
- एउटा स्थानमा एउटै कृषकले एउटै फलफूल बाली बोट संख्या ५० लाई बगैचा मानिने छ ।

**आर्थिक पक्षः**

नमूना बगैचाहरुमा उत्पादन नदिए सम्म (२-५) वर्ष) अनदानमा रासायनिक विरुवा, मल, रोग किरा नाशक विषादि निलो तुथो, चूना, सिकेचर आदि सामाग्री खरिदको लागि वार्षिक रु.१००००० को दरले ५ वर्ष सम्म उपलब्ध गराउने ।

**४.१.२) व्यवशायिक वगैचा स्थापना :**

**उद्देश्य :**

स्थानिय तथा वाह्य बजारमा माग आपूर्ति गर्ने गरि फलफूल उत्पादन गर्न सहयोग पुर्याउनु ।

**कार्यविधि :**

फलफूलका बोट विरुवाहरु, कॉटछॉट गर्ने सिकेचर, करौति, पुनिङ्ग गर्ने चक्कु स्प्रेयर जस्ता उपकरणहरु नर्म्समा उल्लेख भए अनुसार उपलब्ध गराउन सकिने छ ।

**आर्थिक पक्ष**

फलफूलका बोट विरुवाहरु, कॉटछॉट गर्ने सिकेचर, करौति, पुनिङ्ग गर्ने चक्कु स्प्रेयर जस्ता उपकरणहरूमा ५०-१०० प्रतिशत सम्म अनुदान दिन सकिने छ ढुवानीमा पुरै अनुदान दिन सकिने ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

**४.१.३) विरुवा प्याकेजिङ्ग चार्ज :**

**उद्देश्य :**

- फलफूलका वो विरुवाहरु ढवानी गर्नु भन्दा अगाडि उचित प्याकेजिङ्ग व्यवस्था मिलाउनु ।

**कार्यविधि :**

- ढुवानी गर्न भन्दा अगाडि बोट विरुवाको प्रकृति हेरी नमसमा कायम गरिए अनुसार प्याकेजिङ्ग चार्ज उपलब्ध गराइने छ । आर्थिक पक्ष

**विरुवा प्याकेजिङ्ग चार्ज**

- सुन्तला जात, केरा, भुइकटहरका विरुवाहरुमा ७५-१०० प्रतिशत अनुदान दिईने छ ।
- आँप, लिचि, कटहर आदि विरुवाहरुमा ७५-१०० प्रतिशत अनुदान दिइने छ ।

**४.१.४) विरुवा मोर्टालिटि :**

**उद्देश्य :**

ढुवानी गर्ने क्रममा बोट विरुवा मरेमा कृपक पर्न जाने मर्का कम गर्नु ।

**कार्यविधि :**

- फलफूलका बोट विरुवाहरु श्रोत केन्द्रबाट लगेर कृषकलाइ वितरण नगरे सम्म विभिन्न समस्याहरु परि मर्न सक्ने वास्तविकतालाई दृष्टिगत गरि सामाग्री प्रकृति अनुसार माटलिटी प्रतिशत कायम गरिन्छ ।
- मरेका बोट विरुवाहरुको मूल्य नम्समा उल्लेख भए अनुसार अनुदानको रुपमा उपल्ब्ध गराउन सकिने छ ।

**आर्थिक पक्षः**

- विरुवा मोर्टालिटि सुन्तला जात, केरा, भुइकटहरका विरुवाहरूमा ५०-१०० प्रतिशत अनुदान दिईने छ ।
- ऑप, लिचि, कटहर आदि विरुवाहरुमा ५०-१०० प्रतिशत अनुदान दिइने छ ।

**४.१.५) सामाग्री ढुवानी**

कायक्रम संचालन गर्न कृषि सामाग्रीहरु श्रोत स्थलबाट सम्बन्धित गाउँपालिका र वार्ड स्तरसम्म ढुवानी गराइन्छ ।

**कार्यविधि :**

नम्समा व्यवस्था भए अनुरूप ढुवानी अनुदान उपलब्ध गराउन सकिनेछ

**आर्थिक पक्ष**

**विरुवा मोर्टालिटि :**

कार्यक्रममा तोकिएको ढुवानी रकम बाहेक अन्य स्वीकृत लक्ष अनुसार तोकिएको सामाग्री ओसार पसार गर्दा निर्दिष्ट श्रोतबाट सम्बन्धित गाउँपालिका र वडासम्म प्रचलित नियमानुसार ढुवानी अनुदान दिन सकिनेछ ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा खिमडी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## ४.२) तरकारी तथा आलु बाली

### ४.२.१) तरकारी नर्सरी स्थापना

खाद्यान्न बालीको तुलनामा तरकारी बालीको बीउ महङ्गो हुने तथा सबै कृषकहरु स्वस्थ बिरुवा उत्पादन गर्न सक्षम नहुने अवस्था छ । यस्तो स्थितीमा अदक्ष वा अर्धदक्ष सिपको कारण साना तथा मझौला कृषकहरुको जोखिम न्यूनिकरण गर्न र सम्भावित पकेट क्षेत्रमा वही मल्य जाने तरकारी वालीको बेर्ना उत्पादन र विक्री वितरण तथा व्यवस्थापनबाट समुदायमा तरकारी व्यवशाय प्रवर्धनमा टेवा पुग्ने भएकोले तरकारी नर्सरी स्थापनाको ठूलो महत्व छ ।

**उद्देश्यः**

व्यवशायिक तरकारी खेती विस्तारको लागी निजि स्तरमा नर्सरी स्थापना गर्न कृषक समुह लाई प्रोत्साहान गरी श्रोत केन्द्रको रुपमा विकसित गराउनु ।

**कार्यविधिः**

नम्समा उल्लेख गरीय अनुसार क्रमसः प्रथम द्वितिय र तृतिय वर्ष सम्म बिउ, मल, पोलिव्याग, सिड ट्रे पोलिथिन सिट, विषादी, स्प्रेयर आदी आवश्यक कृषि सामाग्रीहरु उपलब्ध गराउन कार्यक्रम संचालन गरानु पर्दछ ।

**आर्थिक पक्षः**

**तरकारी नर्सरी स्थापना**

तरकारी नर्सरी स्थापना गर्न आधा रोपनी क्षेत्रफलमा गर्नको लागी बिउ मल, पोलिब्याग, सिड ट्रे, पोलिथिन सिट, विषादी, स्प्रेयर आदी खरीदको लागी पहिलो वर्ष रु ५०,००० सम्म अनुदान दिन सकीने दोस्रो वर्ष उक्त सामाग्री मध्य आवस्यक सामाग्रीमा रु २५,००० सम्म अनुदान दिन सकीने र तेस्रो वर्ष उक्त सामाग्री मध्य आवस्यक सामाग्रीमा रु १०,००० सम्म अनुदान दिन सकीने ।

### ४.२.२) तरकारी प्रदर्शन कार्यक्रम

**उद्देश्य :** प्रदर्शित प्रविधि स्थानिय हावापानी सुहाउदो छ भन्ने कुरा देखाउदै नयाँ प्रविधिको उपयुक्तता शिद्ध गर्नु ।

**कार्यविधि:**

सकभर सजिलै संग निरिक्षण गराउन सकिने हिसावमा सडकको छेउ छाउमा प्रदर्शनको लागि जग्गाको छनौट गर्नु पर्दछ । गाई बस्तुले नोक्सान पर्याउने हुनु हुदैन । नतिजा प्रदर्शन कार्यक्रम जातिय प्रदर्शन तरिका पदर्शन + मलखाद प्रदर्शनको रुपमा गराई कृषकहरुलाई अवलोकन गराउनु पदर्छ । प्रदर्शन प्लटमा प्रदर्शनको किसिम, कृषकको नाम, बाली र जात क्षेत्रफल मलखादको मात्रा आरम्भ गरेको मिति आदि उल्लेख गरेको व्यानर राख्नु पर्छ ।प्रदर्शन प्लटमा कृषकहरु जुटाई समय समयमा अवलोकन गराउनु पर्छ ।

**आर्थिक पक्ष**

**प्रदर्शन कार्यक्रम**

तरकारी बालीहरुमा गरिने जातिय, मलखाद बाली संरक्षण तरिका प्रदर्शनका लागि रासायनिक मल बीउ विषादी साइनवोर्ड आदिमा प्रति प्रदर्शन रु १५०० खर्च गर्न सकिने छ ।

क्षेत्रफल : १ रोपनी



राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

मोहन्याल गाउँपालिकाको
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

#### ४.२.३) उन्नत बीउ किट वितरण कार्यक्रम (तरकारी बाली)

**उद्देश्य** : कुनै एक स्थानमा लोकपृय भएको तरकारी वालीको वीउ र जात त्यस स्थानका आसपासका कृषकहरुलाई जानकारी दिन र बीउ प्रशारण गर्न ।

**कार्यविधि** :

कुनै एक स्थानमा लोकपृय भएको स्तरिय तरकारी बालिहरुको बीउ खरिद गरि स साना प्याकेट बनाई बीउको जात लगाउने समय मल, सिंचाई, कटानी गर्ने समय र अनुमानित उत्पादन आदिको विवरण लेखि सोहि प्याकेटमा राखि कृषकहरुलाई जानकारी गराउनु पर्छ । कृषकहरुको नाम, ठेगाना लगाएको समय प्रयोग भएको मात्रा प्रविधि र विउ प्रति कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्छ । कृषकले मन पराएमा सोहि बीउको क्षेत्र विस्तार हुन्छ ।

**आर्थिक पक्षः**

**उन्नत बीउ किट वितरण**

कार्यक्रम संचालन गर्न बीउ खरिद रप्याकिङको लागि प्रति किट रु १००० सम्म खर्च गर्न सकिने छ ।

### ४.३. मसला बाली :

#### ४.३.१) अदुवा तथा बेसार प्रदर्शन कार्यक्रम

**उद्देश्य** : कृषकहरुलाई अदुवा तथा बेसार उत्पादन प्रविधी सिकाउदै उन्नत प्रविधी तर्फ उन्मुख गराउनु ।

**कार्यविधि** :- जग्गा एबम कृपक छनोट प्रश्चात प्रदसनको लागि आवश्यक सामाग्री जुटाई केहि कृपकको उपस्थितीमा कार्यक्रम संचालन गर्ने उचित समयमा हार्भेस्ट गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

- रेकर्ड राख्ने र संछीप्त विवरण सहीतको बोर्ड राख्ने गनुपर्दछ ।

**आर्थिक पक्ष** : अदुवा तथा बेसार प्रदर्शन कार्यक्रम

- मल, बीउ, विषादी, बोर्ड आदीको लागी रु २०००० सम्म खर्च गर्न सकीने
- क्षेत्रफल १ रोपनी

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ६

## बालि संरक्षण कार्यक्रम

### ६.१ आकस्मिक बालिसंरक्षण सेवा :

**उद्देश्य :**

गाउँपालिका अन्तर्गतका कृषक हरुले लगाएको बालीनालीमा रोग किराको प्रकोप बाट बालिसंरक्षण गर्न आकस्मीक सेवा पुर्याउनु ।

**कार्यविधि :** गाउपालिका अन्तर्गतका कृषक हरुले लगाएको बालीनालीमा रोग किराको प्रकोप देखिनासाथ कृषक, कृषक समुह समेत परीचालन गरी आवस्यक वाली संरक्षणका उपायहरु प्रयोग गरी, विपादी, स्प्रेयर, डस्टर, उपकरण आदी के कती आवस्यक पर्छ सोको व्यवस्था गरी आकस्मीक प्रकोप नियन्त्रण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष**

**आकस्मिक बालिसंरक्षण सेवा :**

- प्राप्त प्रकोप समन्धी सुचना र मागको आधारमा वालीसंरक्षण सामाग्री, विषादी खरीदको लागी वार्षिक रु १०००००/- सम्म खर्च गर्न सकीने ।

### ६. २) कृषि औजार उपकरण बितरण :

**उद्देश्य :**

उन्नत प्रविधी अवलम्बन गर्न बालीको सुरक्षित भन्डार एवम प्रयोगको लागी कृषकहरुलाई कार्यक्रममा उत्प्रेरीत गर्न

**कार्यविधि :** कृषकहरुको आवस्यता अनुसारका सामाग्रीहरु पहीचान गरी नर्म्समा उल्लेख भयअनुसार कृषक वा कृपक समुहमा रहनेगरी भरपाई समेत बनाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

**आर्थिक पक्ष**

**कृषि औजार उपकरण वितरण :**

-मेटलविन सिडबिन), स्प्रेयर, कर्नसेलर, डस्टर, हजारी थोपा सिचाई सेट सिल्पालीन प्लाष्टिक मिनी पावर टीलर, थ्रेसर, धान काट्ने मेसिन, मौरी घार तथा मौरी पालन उपकरणआदीमा ५० देखी १००% सम्म कार्यक्रम अनुसार अनुदान दीन सकीनेछ ।

## परिच्छेद ७

## ब्यबसायिक किट बिकास कार्यक्रम :

### ७.१) मौरी चरण कार्यक्रम :

**उद्देश्य :** मौरी चरण सबकास गरी वातारण सुधारमा सहयोग पुर्याउनुको साथै प्रयाप्त परीमाणमा मौरी आहार उपलब्ध गराउनु



राज बहादुर साकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**कार्यविधि** -पकेट क्षेत्रका कृषक वा कृषक समुहमा मौरी गोला वितरण गरिएको क्षेत्रमा नै मौरी चरणको लागी बोटविरुवाहरु उपलब्ध गराउनु पर्दछ ।

-यस्ता बोटविरुवाहरु वितरण गर्दा सम्बन्धित निकाय सँग सम्पर्क राखी सुन्तला वा अमीला जातका फलफुलहरु, लीची, नास्पती, आरु, आरुबखडा, मेवा, कल्की, केरा, तोरी, फापर, कोलोवर, सूर्यमुखी, आदी बोटहरु उपलब्ध गराइनेछ ।

**आर्थिक पक्ष**

**मौरी चरण कार्यक्रम :**

- मौरी चरणका बोट प्रति घार १५ वटा सम्म दिन सकिनेछ
- उक्त बोटविरुवा तथा बिउमा ५० देखी १००% सम्म कार्यक्रम बनाई अनुदान दीन सकीनेछ ।

**७.२ च्याउ बीउ बितरण :**

**उद्देश्य :** कृषक हरुलाई च्याउ खेतीतर्फ प्रोतसाहीत गर्नु

**कार्यविधि :-** च्याउ उत्पादन कृषक / समुह / च्याउ पकेटका कृषक हरुलाई नर्म्स अनुसार बीउ उपलब्ध गराउनुपर्नेछ

**आर्थिक पक्ष :** च्याउ उत्पादन कृषक / कृषक समुह / च्याउ पकेटका कृषक हरुलाई च्याउको बीउको मुल्यमा ५० देखी १००% सम्म कार्यक्रम बनाई अनुदान दीन सकीनेछ ।

## परिच्छेद ८

## माटो व्यबस्थापन कार्यक्रम

**८. १ माटो परीक्षण शिबिर संचालन :**

**उद्देश्य :** -कृषक सहभागीताम उर्वराशक्तीको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु र माटो व्यवस्थापन समन्धि प्रविधिहरु सिफारीस गर्नु ।

**कार्यविधि -** माटो परीक्षण शिविर संचालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु किटबक्स र प्राविधिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

-माटो व्यवस्थापन तालिम सँग आबद्ध गरी माटो परीक्षण कार्यक्रम संचालन गर्नुपर्दछ ।

**आर्थिक पक्ष :** चियापान, स्टेशनरी, व्यवस्थापन, व्यानर आदीको लागी रु ८५००/- प्रति शिर्षक कर्मचारीको दै भ नियम अनुसार । माटो परीक्षणका लागी आवयश्क रियजेन्ट, केमिकल रसायन, स्वायल किटबक्स तथा शिविर संचालन र अवश्यक सामाग्री व्यवस्थापन को लागी रु ५०००० र इन्धनको लागी रु २०००० प्रतिदिन खर्च गर्न सकिनेछ |

८.२) माटो परीक्षण सुधार सेवा कार्यक्रम :

८.२.१) प्राङ्गारीक मलमा अनुदान :

**उद्देश्य :** माटोको उर्वरा शक्ति कायम राख्न प्राङ्गारीक उत्पादन सेवन गरी स्वस्थ रहन

**कार्यविधिः** तरकारी तथा खाद्यान्न उत्पादन पकेटका कृषकशरु लाभार्नवत हनेगरी कृषक वा कृषक समुह हरुको मागको आधारमा माटो सुधारगर्न प्राङ्गारीक मलमा अनुदान दीन सकिने ।

**आर्थिक पक्षः** प्राङ्गारीक मलमा अनुदानः

प्राङ्गारीक मलमा प्रति के जिरु १० र ढुवानी अनुदान शत प्रतिसत दिन सकिने ।

**८.२.२ कृषि चुन बितरण :**



राम बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

**उद्देश्य** : माटो परीक्षण नतिजाको आधारमा देखीएको अम्लियपन हटाउन कृषि चुन प्रयोग गरी माटोको गुणस्तर अभिवृद्धि गराउन कृषकहरुलाई उत्प्रेरण गर्नु ।

**कार्यविधि** :- माटो परीक्षणको नतिजा तथा अन्य अध्यनको आधारमा कृषि चुन प्रयोग गर्न आवश्यक परेको ठाउँमा प्राविधिकको सिफारीस अनुसार चुनको प्रयोग गर्नुपर्दछ ।

**आर्थिक पक्ष** : कृषि चुन प्रयोग गर्ने स्थानमा प्रति रोपनी बढीमा ३०० के जी चुन अनुदानमा अपलब्ध गराउन सकिनेछ ।

**८.२.३ हरियो मल (ढैचा बीउ ) बितरण :**

उद्देश्य माटो परीक्षण नतिजाको आधारमा देखीयको छयारीयपन हटाउना हरियो मल ढैचा प्रयोग गरी माटो गुनस्तर अभिवृद्धि गराउना कृषकहरुलाई उत्प्रेरण गर्नु

**कार्यविधि** :- माटो परीक्षणको नतिजा तथा अन्य अध्यनको आधारमा हरियो मल ढैचा प्रयोग गर्न आवश्यक परेको ठाउँमा प्राविधिकको सिफारीस अनुसार हरियो मल ढैचा प्रयोग गर्नुपर्दछ ।

**आर्थिक पक्ष** : हरियो मल ढैचा प्रयोग गर्ने स्थानमा आवस्इक पर्नेहरियो मल ढैचा बीउ अनुदानमा अपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ९

## सहकारी खेती साना सिचाई तथा मल बीउ ढुवानी कार्यक्रम :

**१९.१) थोपा सिचाई सहितको shade tunnlel house निर्माण कार्यक्रम :**

**उद्देश्य** : थोपा सिचाई सहितको shade tunnlel house निर्माण गरी कृषकहरुलाई व्यवसायिक रुपमा मौसमी तथा बेमौसमी तरकारी खेती गर्न लगाई आर्थिक रुपमा सुधार ल्याउनु ।

**कार्यविधिः** कृषकहरुको मागको आधारमा छनौट भएका कृषकहरुलाई मात्र कार्यक्रममा सहभागी गराउन सकिने छ । कृषकहरुले आफ्नो तर्फबाट कम्तिमा १५ प्रतिशत लगानि गर्नु पर्नेछ ।

**आर्थिक पक्ष :**

- थोपासिचाई सहितको shade tunnlel housef निर्माण कार्य र स्प्रेयर, हजारी, बीउ विजन, मलखाद, विषादि शुक्ष्मतत्व, प्लाष्टिक मल्च नेट आदि खरिदका लागि बढीमा रु १५०००० सम्म प्रति गोटा अनुदान दिन सकिने छ ।

- क्षेत्रफल ५५ व.मी. हुनुपर्ने छ ।
- कार्यक्रम अनुगमन तथा निरीक्षणमा खर्च गर्न सकीनेछ ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद १०

## आलु तरकारी तथा मसला बाली बिकास कार्यक्रम :

### १०.१) प्लाष्टिक घरमा तरकारी प्रर्दशन कार्यक्रम :

**उद्देश्य :** थोरै क्षत्रफलमा पनी बेमौसमी तरकारी उत्पादन गरी उत्पादन बढाउनु अधिक्तम मुल्य पाउन र स्वरोजगार तयार गर्न अन्य कृषकहरुले पनि अनुसरण गर्न अभिप्रेरीत गराउन ।

**कार्यविधि :** कृषक वा कृषक समूह बाट माग भई आयका मध्यमवाट छनोट भएका कृषक / कृषक समुहमा कार्यक्रम संचालन गरीनेछ ।

**आर्थिक पक्षः**

प्लाष्टिक घरमा तरकारी प्रर्दशन कार्यक्रम सिल्पोलीन प्लाष्टिक, मल बीउ, बिषादी, औजार उपकरण खरीद कार्यक्रम सामाग्री ढुवानी गर्न र कृषक तालिम संचालन गर्न प्रर्दशन बोर्ड बनाउन र कार्यक्रम अनुगमन निरीक्षण गर्नको लागी स्वीकृत कार्यक्रमको रकम खर्च गर्न वा अनुदानमा वितरण गर्न सकीनेछ ।

## परिच्छेद ११

## प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

### ११.१) साना व्यवशायी कृषि उत्पादन केन्द्र (पकेट)

### ११.१.१) क्षमता विकास अभिवृद्धि कार्यक्रम

**कार्यविधि :**

स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि पकेट स्तरीय २ दिने स्थलगत तालिम सन्चालन गर्नेछ ।

- पकेट भित्रका व्यवसायिक कृषक समूह समिति सदस्यहरु यस तालिमका सहभागी हुने छन ।
- तालिममा ४ वटा कक्षा हुने छन ।
- कृषकहरुलाई यस तालिममासम्बन्धित पकेटको विषय वस्तुमा आधारित विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान सीप प्रदान गरिनेछ ।
- सहभागी छनौटको जिम्मेवारी पकेट समितिको हुनेछ ।

### ११.१.२) पकेट स्तरीय क्षमता अभिवृद्धि तालिम संचालनको आर्थिक कार्यविधि

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता / यातायात (बजेटले पुगेसम्म ) | २०० | प्रति व्यक्ति दुरि अनुसार |
| २ | मसलन्द<br>क. सहभागीका लागि | १०० | प्रति व्यक्ति डायरी कलम माईक्लियर व्याग आदि व्यानर, बोर्ड मारकर प्रोजेक्टर |



राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | ख व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | [illegible] | मेटाकार्ड, न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन । | २०० | संयोजक श्रोत व्यक्ति प्रतिवेदक र सहयोगी कर्मचारी तथा सहभागी लाई समेत |
| ४ | प्रशिक्षक भत्ता ( प्रति कक्षा ) अधिकृतस्तर<br>क. कक्षा संचालन वापत<br>सहायक स्तर<br>ख. कार्यपत्र (Handout ) | १६००<br>१२००<br>५०० | कार्यपत्र (Handout) र प्रशिक्षण वापत एक मुष्ठ लिने भए अधिकतम रु १५०० मा नबढ्ने गरि पाउने |
| ५ | वस्तु गत टेवा (बजेटले पुगेसम्म ) | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्ने कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बालीका बीउहरु विषादि मौरीको घार, औजार उपकरण आदि सम्झनु पर्छ । |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

**११.१.३) परियोजना अभिमुखिकरण पकेट स्तर :**

**कार्यविधि :**

स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि पकेट स्तरीय एक दिने अभिमुखिकरण गोष्ठी सन्चालन गरिनेछ ।

- पकेट भित्रका व्यवसायिक कृषक समूह समितिका पदाधिकारी सदस्यहरु सहभागी हुने छन ।
- गोष्ठीमा ५ वटा सम्मसेसन रहने छन ।
- सहभागी छनौटको जिम्मेवारी पकेट समितिको हुनेछ ।
- गोष्ठी विषयवस्तु हेरि एक दिन वा सो भन्दा बढि अवधिका हुने छन ।
- गोष्ठीमा विषयवस्तुको गाम्भिर्यता हेरि कार्यपत्र प्रस्तुति तथा सहजिकरणका लागि विषयविशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

**११.१.४) पकेट स्तरीय परियोजना अभिमुखिकरण संचालनको आर्थिक कार्यविधि**

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सहभागी भत्ता / यातायात (बजेटले पुगेसम्म ) | ५०० | प्रति व्यक्ति दुरि अनुसार |
| २ | मसलन्द<br>क. सहभागीका लागि<br>ख व्यवस्थापन एवं प्रशिक्षण कार्यका लागि | १००<br>१५०० | प्रति व्यक्ति डायरी कलम माईक्लियर व्याग आदि व्यानर, बोर्ड मारकर प्रोजेक्टर मेटाकार्ड, न्युजप्रीन्ट पेपर ब्राउन पेपर, मास्किङ टेप, क्लिप, आदि |
| ३ | खाजा (प्रति व्यक्ति प्रति दिन । | २०० | संयोजक श्रोत व्यक्ति प्रतिवेदक र सहयोगी कर्मचारी तथा सहभागी लाई समेत |
| ४ | प्रशिक्षक भत्ता ( प्रति कक्षा ) अधिकृतस्तर | १६०० | कार्यपत्र (Handout) र प्रशिक्षण वापत एक |



राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | क. कक्षा संचालन बापत<br>सहायक स्तर<br>ख. कार्यपत्र (Handout ) | १२०० ५०० | पृष्ठ लिने भए अधिकतम रु १५०० मा नबढ्ने गरि पाउने |
| ५ | वस्तु गत टेवा (बजेटले पुगेसम्म ) | ३००० | वस्तु गत टेवा तालिमका सहभागीहरुलाई नया प्राप्त सीप उपयोग गर्न कार्यमा उत्प्रेरित गर्न प्रदान गरिने वस्तु जस्तै बाखाको माउ, पशु औषधी तथा बालीका बीउहरु विषादि मौरीको घार, औजार उपकरण आदि सम्झनु पर्छ । |
| ६ | दैनिक तथा भ्रमण भत्ता | नियमानुसार | मुकामबाट ४ कोष भन्दा बढि दुरिमा जाने र आउने दिनको लागि मात्र |

**११.१.५) चालु तथा पुजिगत अनुदान कार्यक्रमहरू :**

**११.१.५.१) साना व्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) चालु अनुदान**

**कार्यविधि :**

- उत्पादन प्रविधि प्रदर्शनः पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगायत प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
- उत्पादन सामाग्री सहयोग पकेट क्षेत्रका लागि उत्पादन सामाग्रीहरु मौरी गोला, तरकारी, बेसार, अदुवा आदि वालीहरुको बीउ, मलखाद, शुक्ष्मतत्व, विषादि आदि उत्पादन कृषि सामाग्रीहरु खरिद गर्न ५० प्रतिशतसम्म अनुदान सहयोग हुनेछ ।

**आर्थिक पक्षः साना व्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) चालु अनुदानः**

मोहन्याल गाउँपालिका र सम्बन्धित पकेट संचालक समिति विच भएका सम्झौता बमोजिम चालु खर्चमा जम्मा लागत रकमको ५० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

**११.१.५.२) साना व्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) पुजिगत अनुदान :**

**कार्यविधि :**

पुजिगत अनुदान वापत प्रत्येक पकेटका लागि निश्चित बजेट विनियोजन गरिनेछ । विनियोजित बजेटको परिधि भित्र रहि पंजिगत आवश्यक्ताका क्षेत्रहरु जस्तै मेसेनरी औजार उपकरण, सिंचाई पूर्वाधार निर्माण तथा मर्मत संभार प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (thresing floor,storage house, collecection center लगायतका पूर्वाधार विकासमा खर्च गर्न सकिने छ । यस्ता प्रकृतीका पुजिगत कार्यक्रमहरु संचालन गर्दा मेसेनरी औजारका लागि बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिचाइ पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत उत्पादनोपरान्त तथा कृषि व्यवशाय सेवा पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।



राज बहादुर साकी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**आर्थिक पक्षः**

**साना व्यवशायी कृषि उत्पादन केन्द्र (पकेट) पुंजिगत अनुदानः**

मोहन्याल गाउँपालिका र सम्बन्धित पकेट संचालक समिति बिच भएका सम्झौता बमोजिम पुजिगत अनुदानमा कार्यक्रमहरु संचालन गर्दा मेसेनरी औजारका लागि बढीमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढीमा ८५ प्रतिशत, साना सिंचाइ पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत उत्पादनोपरान्त तथा कृषि व्यवशाय सेवा पूर्वाधारमा बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद १२

## कार्यक्रम अनुगमन तथा निरिक्षण

कार्यविधि :

क) कार्यक्रम संचालन अवधि वा सम्पन्न भए पस्चात गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष, विषयगत शाखाक कर्मचारीहरु बाट अनुगमन तथा निरिक्षण गर्न सकिनेछ ।

ख) अनुगमन तथा निरीक्षण कार्य पस्चात अनुगमन तथा निरीक्षण कार्यमा देखिएका क्रियाकलापबारे अनुगमनकर्ताले एकल भए एकल प्रतिवेदन र सामुहिक भए संयुक्तरुपमा प्रतिवेदन तयार गर्नु पर्ने ।

**आर्थिक पक्षः**

- अनुगमन कार्य अवधि एक पटकमा ७ दिनसम्मको हुने छ ।
- अनुगमन कार्यको लागि सानो सवारी साधनमा दैनिक रु १२००० सम्म खर्च गर्न सकिने छ ।
- अनुगमन कर्ताहरुलाई दैनिक रु. १५०० मा करकट्टी गरी वा नियमानुसार दै भ्र. भ. रकम दिन सकिने छ ।
- अनुगमन कर्ताहरुको लागि अनुगमन अवधिमा खाजा वापत रु २०० र खाना वापत रु ७०० प्रतिदिन प्रति व्यक्ति खर्च गर्न सकिन्छ ।
- अनुगमन स्थलमा सहभागी कृषकहरुलाई खाजा वापत रु १५० प्रतिदिन प्रति व्यक्ति खर्च गर्न सकिने छ ।
- अनुगमन कार्यक्रमका सहभागीहरुलाइ स्टेशनरी, पानी आदि व्यवस्थापनको लागी एक पटकमा रु ३००० सम्म खर्च गर्न सकिने छ ।

## परिच्छेद १३

## कार्यक्रम संचालन सामग्री ढुवानी कार्यविधि

क. कार्यक्रम संचालनमा आवश्यक पर्ने कृषि सामाग्रीहरु स्वीकृत बजेटमा व्यवस्था भए बमोजिम ढुवानीमा अनुदानको व्यवस्था मिलाउन सकिने छ ।

ख. कार्यक्रममा तोकिएको ढुवानी रकम बाहेक अन्य स्वीकृत लक्ष्य अनुसार तोकिएको सामाग्री ओसार पसार गर्दा निदृष्ट श्रोत बाट सम्बन्धीत गाउँपालिका भित्र पर्ने स्थलसम्म प्रचलित नियमानुसार ढुवानी अनुदान दिन सकिने छ ।

राज बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## परिच्छेद १४

### विविध

**(क) अधिकार प्रत्यायोजन :**

यो कार्यविधी वमोजिम कृषि विकास शाखा प्रमुखले आफुमा निहित अधिकार मातहतका कुनै कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

**(ख) कार्यविधीको व्याख्याः** यो कार्यविधीको अन्तिम व्याख्या कार्यपालिका वा कार्यपालिको अधिकार प्राप्त निकायले गर्नेछ ।

**ग) कार्यविधीको संशोधन**: यो कार्यविधीको प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**(घ) वाधा अडकाउ फुकाउः** स्थानीय सरकार संचालन ऐन तथा कृषि सम्बन्धी ऐन तथा यस कार्यविधीमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्ता निर्णय कार्यपालिकाले गर्नेछ ।

**ङ) वचाउः** यस कार्यविधी लागु हुनु भन्दा पहिले गाउँ कार्यपालिका र गाउँसभाले गरेका निर्णय अनुसार कृषि विकास संग संम्बन्धीत कार्य यसै कार्यावधी अनुसार हुनेछन ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत



CamScanner